महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
सुनवल नगरपालिका
नवलपरासी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८/७९
च.नं. : २०४

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

श्री प्रमुखज्यू,
सुनवल नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
सुनवल, नवलपरासी ।

कैफियत सहितको राय

हामीले सुनवल नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. सुनवल नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.७ करोड ४८ लाख ०४ हजार बेरुजू देखिएको छ। पालिकाबाट प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजू असुल गर्नुपर्ने रू.९१ लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७३ लाख ७३ हजार, नियमित गर्नुपर्ने रू. ४ करोड ५४ लाख ८४ हजार र पेश्की रू. २८ लाख ८ हजार रहेको छ ।पालिकाको गतवर्ष रु.२२ करोड ३४ लाख ९२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२४ करोड ३१ लाख ७१ हजार रहेको छ । सुनवल नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. सुनवल नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np **Web Page: www.oagnep.gov.np**

सुनवल नगरपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु							
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की	
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा		
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती									
३६	८६	७४८०४	०	०	०	३६	८६	७४८०४	९१३९	४५४८४	१७३७३	०	०	६२८५७	२८०८	

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सुनवल नगरपालिका नवलपरासी	२२३४९२	०	५५१२५	१६८३६७	०	७४८०४	२४३१७१

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सुनवल नगरपालिका, नवलपरासी , सुनवाल नगरपालिका , नवलपरासी पश्चिम भाग

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	अशोक कोईराला	२०७८-८-२२	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	कृष्ण प्रसाद पाण्डे	२०७७-१०-२३	
कार्यालय प्रमुख	शिशिर पौडेल	२०७७-४-१३	
कार्यालय प्रमुख	रामलाल श्रेष्ठ	२०७७-४-१	
लेखा प्रमुख	बृहस्पती घिमिरे	२०७७-४-१	
		बेरुजु रकम	७४,८०४,३११

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२२,२८,५७,७९३.१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	६६,१०,३४,१४५	**चालु खर्च**	५३,२९,८५,६५९.४४
प्रदेश सरकारबाट अनुदान	५,७६,७५,०००	**पूँजीगत खर्च**	३६,८४,२०,८८८.४८
राजश्व बाँडफाँट	१८,२३,६०,०४४.५	**वित्तीय/अन्य व्यवस्था**	१५,५८,१८,५८१.५९
आन्तरिक आय	११,१६,२५,६२१.१२		
अन्य आय	२६,६४,५१,१०२.७४		
कुल आय	१,२७,९१,४५,९१३.३६	**कुल खर्च**	१,०५,७२,२५,१२९.५१
बाँकी मौज्दात		४४,४७,७८,५७६.९५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**ले.प.को क्रममा असुली** लेखापरीक्षणमा औँल्याईएपछि पदाधिकारी सेवा सुविधामा ऐन भन्दा बढी र व्यवस्था विपरीत हुने गरी खानेपानी तथा मर्मत संभार र ईन्धन तथा यातायात सुविधा वापत खर्च लेखेको रु.561000/- लेखापरीक्षणको क्रममा असुल भएको छ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुनवलनगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सुनवलनगरपालिकाको उद्देश्य रहेको छ । यस सुनवल नगरपालिका अन्तर्गत 13 वडा, ६८ जना सभा सदस्य, १३९.१०वर्ग किलोमिटर क्षेत्रफल तथा ६८०८२ जनसंख्या रहेको छ।	
३			**स्थानीय संचित कोष:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७7।७8 को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।	

सुनवल नगरपालिका				
वित्तीय प्रतिवेदन				
स्थानीय संचितकोष व्यवस्थापन प्रणाली(SuTRA) मा समावेश भएको आर्थिक कारोबारको स्थिति:				
आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१ म.ले.प.फा.नं.				
प्राप्ती भुक्तानी हिसाव				
विवरण	यस वर्ष रु.			
	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	९८,१९,५५,१७८.२५	१,०३,१४,७५,४५७.९२		१,०३,१४,७५,४५७.९२
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	९४,८१,३०,०१४	९६,२१,८२,६०७.२५	०	९६,२१,८२,६०७.२५
११००० कर	१९,२१,९२,५१०	२०,९८,३०,६२१.६०	०	२०,९८,३०,६२१.६०
१३००० अनुदान	६६,००,३७,५०४	६६,९८,१३,६९३.६३	०	६६,९८,१३,६९३.६३
संघीय सरकार	५९,५१,३३,५०४	६०,९२,४७,८५०.८६	०	६०,९२,४७,८५०.८६
प्रदेश सरकार	६,३६,३२,०००	५,९२,३०,८६४	०	५,९२,३०,८६४
जनसहभागिता	१२,७२,०००	१३,३४,९७८.७७	०	१३,३४,९७८.७७
१४००० अन्य राजस्व	९,५९,००,०००	८,२५,३८,२९२.०२	०	८,२५,३८,२९२.०२
ख. अन्य प्राप्ति	३,३८,२५,१६४.२५	६,९२,९२,८५०.६७		६,९२,९२,८५०.६७
कोषहरु	३,३८,२५,१६४.२५	४,७५,०४,८८५.५०	०	४,७५,०४,८८५.५०
धरौटी	०	२,१७,८७,९६५.१७	०	२,१७,८७,९६५.१७
भुक्तानी (ग+घ)	१,१५,६३,१४,६३१.२५	७७,९५,७१,९८८.३२		७७,९५,७१,९८८.३२
ग. भुक्तानी (सञ्चित कोषबाट)	१,१२,२४,८९,४६७	७३,८३,६५,३३४.३७		७३,८३,६५,३३४.३७
२१००० पारिश्रमिक / सुविधा	२१,७५,२२,०००	२१,४०,०४,३८८.९८	०	२१,४०,०४,३८८.९८
२२००० मालसामान तथा सेवाको उपयोग	१९,५४,६०,७२४	१४,५४,७५,१३१.४६	०	१४,५४,७५,१३१.४६

२५००० सहायता (Subsidy)	१,११,६९,०००	१,०३,२५,५००	०	१,०३,२५,५००
२७००० सामाजिक सुरक्षा	२,८०,०००	२,५२,४८१	०	२,५२,४८१
२८००० अन्य खर्च	३,१४,९५,९३३	८७,३०,३२३	०	८७,३०,३२३
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	६६,१५,६१,८१०	३५,४५,७७,५०९.९३	०	३५,४५,७७,५०९.९३
३२००० वित्तीय सम्पत्ति	५०,००,०००	५०,००,०००	०	५०,००,०००
घ. अन्य भूक्तानी	३,३८,२५,१६४.२५	४,१२,०६,६५३.९५		४,१२,०६,६५३.९५
कोषहरु	३,३८,२५,१६४.२५	२,७९,५१,७८१.८४	०	२,७९,५१,७८१.८४
धरौटी	०	१,४०,९८,४४६	०	१,४०,९८,४४६
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		(८,४३,५७३.८९)		(८,४३,५७३.८९)
ङ. यो वर्षको बचत (न्युन)	(१७,४३,५९,४५३)	२५,१९,०३,४६९.६०		२५,१९,०३,४६९.६०
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		१९,२८,७५,१०७.३५		१९,२८,७५,१०७.३५
वर्षान्तको बाकी रकम (ङ + च)	(१७,४३,५९,४५३)	४४,४७,७८,५७६.९५		४४,४७,७८,५७६.९५
बैंक तथा नगद बाकी		४८,८६,९३,३७९.९५		४८,८६,९३,३७९.९५
स्थानीय संचितकोष व्यवस्थापन प्रणाली(SuTRA) मा समावेश नभएको आर्थिक कारोबारको स्थिती:				
ब.उ.सि.न.	कार्यक्रमको नाम	बजेट	निकासा	खर्च
365001043	स्थानीय पूर्वाधार	9389340	5181114	5181114
370001164	एकीकृत स्वास्थ्य पूर्वाधार	32330000	8662264.55	8662264.55
314010123	सामाजिक सुरक्षा	158717000	154197835	154197835
जम्मा		200,436,340.00	168,041,213.55	168,041,213.55

४

वित्तीय कारोवारको परीक्षण गर्दा देखिएका प्रमुख व्यहोराहरु यस प्रकार छन्:-

कार्यालयले आर्थिक कारोवार संचालन गर्दा सूत्रको प्रयोग गरी आफ्नो कार्यालयबाट संचालन भएको सम्पूर्ण आर्थिक कारोवार (सामाजिक सुरक्षा भत्ता, पूर्वाधार विकास कार्यक्रम, पंजिकरण कार्यक्रम, बहुक्षेत्रिय पोषण कार्यक्रम आदी) सूत्रमा प्राविष्टि गरी सो अनुसार म.ले.प.फा.नं 272,275 र सो अनुसार सहायक अनुसूची-1 देखी 23 सम्म तयार गरी वित्तीय विवरण प्रस्तुत गर्नुपर्नेमा संघीय स्रोतको C-Gas बाट निकासा भएको सामाजिक सुरक्षा, स्थानीय पूर्वाधार र एकीकृत

			स्वास्थ्य पूर्वाधार जस्ता कार्यक्रम सुत्रमा समावेश नगरेकोले कार्यालयले तयार गरेको प्राप्ती र भुक्तानीको वित्तीय विवरण (म.ले.प.फा.नं.272) ले सबै आर्थिक कारोवारको चित्रण गर्न सकेको छैन।यर्थाथ चित्रण हुन नसकेको अवस्था निम्नानुसार देखिँदा त्यसमा सुधार गर्नुपर्ने देखिन्छ: Øप्राप्ती र भुक्तानी विवरण (म.ले.प.फा.नं.२७२) मा सामाजिक सुरक्षा लगायत Cgas बाट निकासा हुने रकम समावेश नभएको, Øगत वर्ष प्राप्ती र भुक्तानीको विवरणले रु.21,94,30,796.10 बाँकी मौज्दात देखाएकोमा सोही मौज्दात यो वर्ष म.ले.फा.नं. 272 मा अ.ल्या. देखाउनु पर्नेमा गतको मौज्दातबाट सशर्त बाँकी रकम संघीय संचित कोष फिर्ता गरेको घटाई जिम्मेवारी सारेकोले यथार्थ जिम्मेवारी एकीन हुन सक्ने आधार भएन। Øम.ले.प.फा.न.272 ले संचितकोषमा आम्दानी रु.1,03,14,75,457.92 देखाएको छ भने अनुसूची १० ले रु.81,86,26,745.21 देखाएबाट रु.21,28,48,712.71/- फरक देखिएको छ। फरक पर्नुको कारण स्पष्ट गरेको छैन। सो स्पष्ट गर्नुपर्दछ। Øम.ले.प.फा.न.272 ले कुल प्राप्ती रु.1,03,14,75,457.92 देखाएको छ भने कार्यालयले लेखापरीक्षणको क्रममा उपलब्ध गराएको वित्तीय विवरणमा गतवर्षको मौज्दात घटाई रु.1,27,91,45,913.36 देखाएबाट रु.24,76,70,455.44 फरक देखिएको छ। फरक पर्नुको कारण स्पष्ट गरेको छैन। पालिकाले सम्पूर्ण प्राप्ती र भुक्तानीलाई म.ले.प. फाराम 272 मा समावेश गर्नु पर्दछ। म.ले.प.फा.न.272 ले वर्षान्तसम्मको मौज्दात रु.44,47,78,576.95 देखाएको छ भने अनुसूची १० ले रु.26,04,50,768.19 देखाएबाट रु.18,43,27,808.76 फरक परेकोले सुत्रको आर्थिक विवरणले यथार्थ खर्चको चित्रण गर्न सक्ने देखिएन।	
५			**शिक्षा तर्फ**	
५.१			राष्ट्रीय शिक्षा नीति, 2076 मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन । मापदण्ड बमोजिम अनुगमन गरेको छैन । निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन । अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः नगरपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।	
५.२			नगरपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
५.३			राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाट नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन । मापदण्ड बमोजिम अनुगमन गरेको छैन । अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । प्रतिवेदन सार्वजनिक गरेको छैन । तसर्थ नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।	

६			**अनुदान खर्च** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा सामान खरिदमा विभिन्न व्यक्ति तथा संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.2104895।- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
७			**पदाधिकारी सुविधाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियमको स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.3846000/-, टेलिफोन तथा मोवाइल रु.2202000/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.2124000/-, जनसम्पर्क विशेष कार्यसुविधा रु.3489000/-, अतिथि सत्कारमा रु. 1164000/-, खानेपानी र सरसफाईमा रु.120000/-, मर्मत संभार विजुलीमा रु.120000/- र चाडपर्व खर्चमा रु.628000/- समेत रु.1,36,93,000/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.9219000/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
८			**कानुन निर्माण एवं कार्यान्वयन**	
८.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ५ वटा नियमावली, ३५ कार्यविधि र ४ वटा नम्स गरी ५९ वटा कानुन र कार्यविधि लगायत निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस पालिकाले सार्वजनिक खरिद नियमावली तयार गरेको छैन् । तसर्थ आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
८.२			**न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी रहेको १६ वटा र यो बर्ष थप भएको ११० गरी कुल १२६ विवाद दर्ता भएकोमा १०३ वटा मात्र फछ्यौट भई २३ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।	
९			**खरिद व्यवस्थापन**	
९.१			**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । तल उल्लेखित विवरण अनुसार पालिकाले कुल खर्चमध्ये 64.42 प्रतिशत तेस्रो चौमासिकमा र 37.05 प्रतिशत आषाढमा मात्र खर्च भएको देखियो । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

(खर्च रु. हजारमा)

खर्च शिर्षक	कुल खर्च रु.	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
चालु खर्च	378788	84325	73276	221187	91944
पूंजीगत खर्च	359577	36341	68787	254449	181633
जम्मा	738365	120666	142063	475636	273577
प्रतिशत	100%	16.34%	19.24%	64.42%	37.05%

९.२			**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ ।	
९.३			**सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । कार्यालयले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई सुनिश्चित हुने गरी कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
१०			**कर्मचारी व्यवस्थापन**	
१०.१			निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले पालिका, स्वास्थ्य सेवा र शिक्षक पारिश्रमिक तर्फ तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.15,55,89,853/- खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारीत नगरी खर्च लेखेकोमा ग्रेड वापतको रकम समेत एकीन गर्न सकिएन । पालिकाले कर्मचारीहरुको तलब र ग्रेड रकम तलबी प्रतिवेन पारीत गरेर मात्र खर्च लेख्नु पर्दछ ।	
१०.२			**कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न २० पदमा ७५ जना कर्मचारीहरू करारमा राखी रु.२३८६६७१०।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न १० पदमा ३६ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१३०१२८७०/- भुक्तानी गरेको छ । पालिकाले कर्मचारी पदपूर्तिको लागि तालुक निकायमा माग आकृति फारम नपठाई ऐन विपरीत करारमा कर्मचारी राख्ने कार्य नियम सम्मत नभएको रु.	१३,०१२,८७०
११			**आन्तरिक नियन्त्रण प्रणालीः**	

https://nams.oag.gov.np

११.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसा रहेका छन् स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको, पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको, पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको, वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको, जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको, सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको, वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको अधुरा आयोजनाको समिक्षा नगरेको आदि ।		
११.२			**सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको राजश्व शाखामा मात्र रहेको पाईयो । राजश्व संकलन जस्तो संवेदनशील विषयमा संकलन गरेको रसिद रद्ध भएमा वा रसिद सच्याईएमा सोको अन्तिम निरीक्षण गरी चेकजाँच गर्न सक्ने गरी कार्यालय प्रमुखले जानकारी पाउने अवस्था देखिएन । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । नगरपालिकाको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । नगरपालिकाले सूचना प्रविधी नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ ।		
११.३			महालेखा नियन्त्रक कार्यालयले सम्पूर्ण सरकारी कार्यालयहरुको सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि स्वीकृत मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले निम्नानुसार म.ले.प फारामहरु स्वीकृत ढाँचामा अद्यावधिक गरी राखेको छैन । अतः पालिकाले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी सवारी साधन र मेशिनरी संचालन गरिनु पर्दछ ।		

			म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको र अद्यावधिक नभएको म. ले. प. फाराम ४१५ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको	
११.४			**म. ले. प. फारामः** भ्रमण खर्च नियमावली, 2064 मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरी अभिलेख राखेको पाईएन । म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।	
११.५			बेरुजु लगतः कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । नगरपालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाईएन । -म. ले. प. फाराम ८०१ बमोजिमको बेरुजु लगत -म. ले. प. फाराम ८०५ बमोजिमको सम्परीक्षण गोश्वारा अभिलेख स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
१२			**वित्तीय विवरण परीक्षण**	
१२.१			आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रमहरुको चौमासिक विवरण तयार गरी कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्नेमा बार्षिक रुपमा मात्र प्रगति तयार पारेको देखियो । पालिकाले कानुन बमोजिम योजना तथा कार्यक्रमहरुको चौमासिक प्रगती विवरण तयार गर्नु पर्दछ ।	
१२.२			स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 91 बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट 10 प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कोष स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यसवर्ष कर्मचारीहरुको योगदानबाट हुने अंश कट्टी नगरी एकमुष्ट रु.2500000/- कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छ । स्थानिय सरकार संचालन ऐन अनुसार स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट 10 प्रतिशत कट्टा गरी सो रकम बराबर हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोष स्थापना र संचालन गर्नु पर्दछ ।	
१२.३			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट	

			स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
१३			**सम्पत्ति उपयोग र संरक्षण**	
१३.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने र त्यस्तो सम्पत्ति एकीकृत सम्पत्ति व्यवस्थापन प्रणाली (NAMS) मा प्रविष्टि गरी अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले एकीकृत सम्पत्ति व्यवस्थापन प्रणाली (NAMS) कार्यान्वयन गरेतापनि यस नगरपालिकामा समाहित भएका साविक गाउँ विकास समिति र नगरपालिका बाट हस्तान्तरीत भएका सम्पूर्ण सम्पत्तिको विवरण खुल्ने गरी अभिलेख तयार गरेको छैन । नगरपालिकाले यस पालिकामा समाहित भएका साविक गाउँ विकास समिति र नगरपालिकाबाट हस्तान्तरीत भएका सम्पत्ति समेत देखिने गरी एकीकृत सम्पत्ति व्यवस्थापन प्रणाली तयार गर्नु पर्दछ ।	
१३.२			नगरपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । नगरपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ ।	
१४			**बजेट तथा कार्यक्रम**	
१४.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्ध रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितीलाई जानकारी गराउनु पर्दछ ।	
१४.२			**क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (बजेट रु. हजारमा)	

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च	खर्च प्रतिशत
आर्थिक विकास क्षेत्र	173432	97133	13.16
सामाजिक विकास क्षेत्र	388007	295687	40.04
पूर्वाधार विकास	315894	161556	21.88
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	47338	37067	5.02
कार्यालय संचालन तथा प्रशासनिक	197818	146923	19.90
जम्मा	1122489	738365	100%

पालिकाले उपलब्ध गराएको विवरण अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम ५.०२ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४०.०४ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाले संस्थागत सम्बन्ध तथा वातावरण शीर्षकमा कुनै पनि बजेट विनियोजन गरेको पाईएन । पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।

१४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले तोकिए बमोजिम प्रोफाइल तयार गरेको छैन । ऐन अनुसार आफ्नो क्षेत्रको एकीकृत अभिलेख र जानकारी समेटिएको प्रोफाईल तयार गर्नु पर्दछ ।

१४.४ **लक्ष्य प्रगति** : कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका विभिन्न योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना संख्या	यो बर्ष खर्च	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
646	484559608.79	164	22	39	45

१४.५ **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाख सम्म	रु २ लाखदेखि ५ लाख सम्म	रु ५लाख देखि १० लाख सम्म	रु १० लाखदेखि ५० लाख सम्म	५० लाखभन्दा बढी	जम्मा
115	99	167	108	137	20	646

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि ५० लाख वढी सम्मका जम्मा ६४६ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र ३८१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१४.६

बजेट पेश, पारित र अख्तियारीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपमेयर श्री दधिराम अर्यालले मिति २०७७।३।१० गते रु. १ अर्ब १२ करोड २४ लाख ८९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेट पेश भएपश्चात छलफल गरी पारीत भएको ७ दिनभित्रै अख्तियारी प्रदान गर्नुपर्दछ ।

१५

कोभिड कोषः

कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापन कोषमा 2077/7/ मा संघ र स्थानीय तहबाट रु.15,661,889.82 आम्दानी रहेकोमा क्वारेन्टीन र आईसोलेसन, अस्पताल निर्माण, औषधी र स्वास्थ्य सामाग्री तथा अन्यमा रु.1,31,21,718.95 खर्च भई रु. 2,540,170.87 मौज्दात रहेको देखियो । यस सम्बन्धी बिबरण निम्नानुसार रहेको छः

बजेट/आम्दानीको स्रोत	२०७८ असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७८ असार मसान्तसम्म खर्च रकम
गतको अ.ल्या.	6,508,597.75	राहात वितरण	
प्रदेश सञ्चित कोषबाट		वडा स्तरिय क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	849,283.00
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	6,500,000.00	नगर स्तरिय क्वारेन्टिन र आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	2,057,797.11
संघीय कोभिड कोषबाट	1,000,000.00	जनशक्ति परिचालन	623,561.00
प्रदेश कोभिड कोषबाट	616,175.00	औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	3,013,125.00
अन्य स्रोतबाट प्राप्त	1,037,117.07	स्वास्थ्य पूर्वाधार निर्माण	551,175.00
		अन्य शीर्षकमा भएको खर्च	6,026,777.84
		बाँकी	2,540,170.87
जम्मा	15,661,889.82	जम्मा	15,661,889.82

१६

पेश्की बाँकी २,८०७,६५३

पेश्की बाँकीः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 47 अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम 52(3) अनुसार कार्यालयले दिएको म्याद नाघेको पेश्की तोकिएको समयमा फछ्र्यौट गरेको छैन । अतः पालिकाले विभिन्न व्यक्ति तथा संस्थालाई दिएको निम्नानुसार पेश्की रु.28,07,653/- नियमानुसारअसुल फछ्यौट गर्नुपर्ने रु.

गो.भौ. नं. र मिति	पेश्की लिनेको नाम	पेश्की प्रयोजन	रकम
101-2077/09/23	कृष्ण बहादुर आले	ग्रामीण विद्युतीकरण	259775
200-207712/25	नेपाल विद्युत प्राधिकरण, बर्दघाट	हाईटेन्शन लाईन व्यवस्थापन वडा नं.11 र 12	47878
454-2078/03/30	वाक्वाणी मा.वि.	स्कुल बस	2500000
जम्मा			2807653

(क) मोबिलाईजेशन पेश्कीः पालिकाले निम्नानुसार दिएको मोबिलाईजेशन पेश्की हालसम्म फछ्र्यौट गरेको छैन । तसर्थ निम्नानुसार व्यक्ति तथा संस्थालाई दिएको मोबिलाईजेशन पेश्की कार्यसम्पन्न र प्राविधिक विल बमोजिम फरफारक गर्नुपर्दछ ।

गो.भौ.नं. र मिति	योजनाको नाम	पेश्की लिने व्यक्ति वा संस्थाको नाम	रकम
36-2077/07/18	वडा कार्यालय भवन निर्माण वडा नं.1	लुम्बिनी साँस्कृतिक एशोसियट्स प्रा.लि.	1017265
177-2077/12/5	घ्युडल्ला सडक कालोपत्रे	बुद्वभुमी कन्स्ट्रक्सन,	168275
239-2078/01/23	विभिन्न सडक मर्मत/निर्माण	नविन कन्स्ट्रक्सन	460769
272-2078/03/08	विभिन्न वडामा सडक ग्रोभेल तथा ह्युमपाईप	जे.बी. कन्स्ट्रक्सन	316000
411-2078/03/29	जर्गाहा पश्चिम सडक कालोपत्रे सुनवल ११	पालुस्थान निर्माण सेवा	1265000
जम्मा			3227309

१७			**ठे.नं. NCB-83/076/077: मुखियाटोल चोक देखि बैरिहवा टोल हुदै नमुना सिंचाई योजनासम्मको सडक**	
१७.१			ठे.नं. NCB-83/076/077: मुखियाटोल चोक देखि बैरिहवा टोल हुदै नमुना सिंचाई योजनासम्मको सडक, सरस्वति प्रा.वि. देखि वडा कार्यालय सडक कालोपत्रे, सरस्वति प्रा.वि. को पश्चिम तर्फबाट कुमालटोल जानेबाटो कालोपत्रे, सानो पचभैया चोक देखि थानेश्वर अर्यालको घरजाने बाटो, कालोपत्रे सुनवल २ को निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी न्यू जगत्र देवी निर्माण सेवा वीच कवोल अंक रु ३६,८८,१३९।०९ (मू.अ.कर समेत) को मिति २०७७।०३।३० मा कार्यसम्पन्न गर्ने गरी मिति २०७७।०३।१९ मा सम्झौता भएको छ । यस कार्यको प्रथम रनिङ्ग विल वापत रु २७,४०,५००। भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् : **क. प्रोभिजनल सम :** वी.ओ.क्यु. मा प्रोभिजनल सम वापत तोकिएको रकमको सीमा सम्म सक्कल कर विजकको आधारमा भुक्तानी गर्नु पर्दछ । यस निर्माण कार्यको ल्याव टेष्टको प्रोभिजनल सम वापत जियो टेस्टिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. को विजक नं. १८४।०७७।७।२७ को रु ५,७६३।०० को विल पेश भएकोमा रु २५,०००।०० भुक्तानी भएको छ । प्रोभिजनल सम वापत वढी भुक्तानी भएको रु १९,२३७।०० सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु...	१९,२३७
१७.२			**ख. पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायिको ढिलाइको कारणवाट खरिद सम्झौता वमोजिम तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ । यस निर्माण कार्यको प्रथम पटक मिति २०७७।१२।२५	३२६,३८४

			सम्म म्याद थप भएकोमा पुन दोश्रो पटक मिति २०७८।०९।३० सम्म म्याद थप भएको छ । दुई पटक म्याद थप भएकोमा कार्यसम्पादन जमानतको म्याद थप भएको छैन् । यस निर्माण कार्यको लेखापरीक्षण अवधिसम्म पनि कार्य सम्पन्न भएको छैन् र कार्यसम्पादन जमानतको म्याद समेत समाप्त भएको छ । निर्माण व्यवसायीले काम हालसम्म सम्पन्न नभएको र कार्यसम्पादन जमानतको म्याद थप समेत नभएकोले सार्वजनिक खरिद कानून तथा सम्झौताको शर्त वमोजिम सम्झौता रकम रु ३२,६३,८४०।०० (मू.अ.कर वाहेक) को १०% ले हुने रकम रु ३,२६,३८४।०० पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी सम्झौता बमोजिमको बाँकी काम निर्माण व्यवसायीवाट सम्पन्न गर्नुपर्ने रु...	
१७.३			**ग. वढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको आइटम नं. वी २ को सवग्रेड तयारी काम वापत नापी किताव अनुसार २३२३।४२८८ व.मी. भुक्तानी हुनु पर्नेमा २४४०।२५ व.मी. भुक्तानी भएकोले ११६।८२ व.मी. वढी भुक्तानी भएको छ । अत: वढी भुक्तानी भएको ११६।८२ व.मी. प्रति व.मी. रु ९०.४० (मू.अ.कर समेत) का दरले रु १०,५६०।५३ सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु..	१०,५६०
१८			**ठे.नं. NCB-21/075/076 : नगरपालिका प्रसाशकिय भवन निर्माण कार्य**	
१८.१			ठे.नं. NCB-21/075/076 : नगरपालिका प्रसाशकिय भवन निर्माण कार्यकोलाग पालिका र निर्माण व्यवसायी स्वच्छन्द खानी जे.भी. वीच कवोल अंक रु १७,९१,४८,८७२।२० (मू.अ.कर तथा पी.एस. समेत) को मिति २०७८।०३।२४ मा सम्पन्न गर्ने गरी मिति २०७६।०३।२५ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेको छ : **क. अधावधिक कार्य प्रगति :** खरिद सम्झौताको SCC को GCC 34.3 मा The Period between Program updates is 30 days उल्लेख गरेको छ । The amount to be withheld for late submission of an updated program is NPR 5,00,000.00 व्यवस्था रहेको छ । यस निर्माण कार्यको ठेक्कामा आवधिक कार्यक्रम पेश गरेको देखिएन । यस निर्माण कार्य शुरु सम्झौता अनुसार सम्पन्न अवधि मिति २०७८।०३।२४ मा कार्य सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म पनि काम सम्पन्न भएको छैन् । सम्झौता वमोजिम लेखापरीक्ष रकम समेत रोक्का गरेको देखिएन । खरिद सम्झौताको परिपालना गर्ने गराउने तर्फ सम्वन्धित पक्षले ध्यान दिनु पर्दछ ।	
१८.२			**ख. मू.अ.कर भुक्तानी :** मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको पार्टीले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक पेश गर्नुपर्ने व्यवस्था छ । तेश्रो रनिङ्ग विल वापत रु १,४६,५१,५२६।०० भुक्तानी भएको छ । मू.अ.कर वापत रु ३४,०८,२४७।०९ भुक्तानी भएको छ । तेश्रो रनिङ्ग विलको विजक नं. २ मिति ०७७।०७।०६ मा जारी भएकोमा चौथो रनिङ्ग विलको विजक नं. १ मिति २०७८।३।२८ मा जारी भएको देखियो । आर्थिक वर्षको शुरुमा विजक नं. १ देखि क्रमश: वढदै जानुपर्नेमा पछिल्लो समयमा अघिल्लो विजक नं. र अघिल्लो समयमा पछिल्लो विजक नं. उल्लेख गरी भुक्तानी भएकोले मू.अ.कर वापत भुक्तानी भएको रकम राजश्व खातामा दाखिला भएको भन्ने सम्वन्धमा एकिन भएन । तेश्रो रनिङ्ग विलको मू.अ.कर वापत रु १६,८५,५७४।०० भुक्तानी भएकोमा पालिकाले भुक्तानी दिदाँ नियम वमोजिम ३०% मू.अ.कर कट्टी गरी दाखिला समेत नगरेकोले मू.अ.कर वापत भुक्तानी रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल गरी दाखिला हुनु पर्दछ रु..	१,६८५,५७४
१९			**आर्थिक वर्ष २०७७।७८ ठेक्का**	
१९.१	4	२०७८-३-२५	**पेश्की जमानत :** ठे.नं. NCB-30/077/078 सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११३(३) मा पेश्की दिँदा निर्माण व्यवसायीबाट त्यस्तो पेश्की रकम खाम्ने गरी वैंक वाट जारी भएको वैंक जमानत लिई त्यस्तो पेश्की दिनुपर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी श्याम सुन्दर- एन वी जे.भी. वीच पन्ध्र वेडको अस्पताल निर्माण कार्यको कवोल अंक रु ९४५९९६१८।९७ (मू.अ.कर र पी.एस.समेत) को मिति २०७९।०९।२५ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७८।०३।२५ मा सम्झौता भएको छ । मोविलाइजेशन पेश्की भुक्तानी गर्दा रु ८१,३४,०००।०० वैंक जमानत पेश भएकोमा रु ८१,३४,४७९।५५ पेश्की दिएको छ । पेश्की जमानत भन्दा वढी पेश्की भुक्तानी दिएको नियम सम्मत भएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।	

१९.२	182	२०७७-१२-९	**मू.अ. कर विजक :** मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको पार्टीले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक पेश गर्नुपर्ने व्यवस्था छ । मिश्रौली जर्घा स्कुल जोड्ने सडक निर्माण कार्यको प्रथम विल वापत थापा इन्जिनियरिङ्ग कन्स्ट्रक्सन (३०५०७०५६८) को विजक नं. ११।०७७।१२।०६ वाट रु १९,५३,९०१।८३ भुक्तानी भएको छ । कर विजक नं. ११ हातले लेखेको छ । मू.अ.कर वापत भएको भुक्तानी रु २,२४,७८५।१७ समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्था असुल हुनुपर्ने रु..	२२४,७८५
१९.३	337	२०७८-३-२३	प्रोभिजनल सम को विल : ठे.नं. NCB-06/077/078 को वी.ओ.क्यु. मा प्रोभिजनल सम वापत तोकिएको रकमको सीमा सम्म सक्कल कर विजकको आधारमा भुक्तानी गर्नु पर्दछ । शहिद विष्णु पाण्डे स्मृति प्रतिष्ठान भवन निर्माण कार्यको प्रोभिजनल सममा ल्याव टेष्ट वापत रु २५,०००।०० भुक्तानी भएकोमा ल्यव टेष्टको सक्कल विल पेश नभएकोले उक्त रकम वरावर ल्याव टेष्ट गरेको सक्कल विल पेश हुनुपर्ने रु	२५,०००
१९.४			**पूर्वनिर्धारित क्षतिपूर्ति :** ठे.नं. NCB-20/077/078 : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायिको ढिलाइको कारणवाट खरिद सम्झौता वमोजिम तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ । भुमही हाटवजार निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी सिद्धबाबा निर्माण तथा डिप टयुवेल वीच कवोल अंक रु ५४,८६,३५५।४३ (मू.अ.कर र पी.एस.समेत) को मिति २०७८।०३।२५ मा सम्पन्न गर्ने गरी मिति २०७७।१२।२५ मा सम्झौता भएको छ । शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने म्याद सम्म ८.८०% काम सम्पन्न भएको छ र त्यसपछी लेखापरीक्षण अवधिसम्म कुनै कार्य प्रगति भएको छैन् । यस निर्माण कार्यको २०७८।१२।३० सम्म म्याद थप भएकोमा कार्य सम्पादन जमानतको म्याद थप भएको छैन् । अत: कवोल अंक रु ४८,५५,१८१ (मू.अ.कर वाहेक) को १०% ले हुने रकम रु ४,८५,५१८।०० पुर्वनिर्धारित क्षतिपूर्ति असुल गरी वाँकी काम सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्ने रु....	४८५,५१८
२०	379	२०७८-३-२७	**प्रोभिजनल समको भुक्तानी** **प्रोभिजनल सम :** ठे.नं. SQ-16/077/078 केरवानी बाबा बर्दगोरिया आमा समुह भवन उत्तर तर्फ र बलुहव मिस्रौली जोढ्ने बाटो कालोपत्रे निर्माण कार्यको लागि पालिका र नवीन कन्स्ट्रक्सन वीच कवोल अंक रु ९,८६,७२६।८० (मू.अ.कर र पी.एस. समेत) को मिति २०७८।३।१५ मा सम्पन्न गर्नेगरी मिति २०७७।१२।०२ मा सम्झौता भएको छ । प्रथम विल वापत विजक नं. ०३५।०७८।३।२७ वाट नवीन कन्स्ट्रक्सन लाई रु ५,६६,९३८।५१ भुक्तानी भएको छ ।यस निर्माण कार्यको प्रोभिजनल समको आइटम Establishment of Laboratory and field testing equipment including all necessary accessories and provide necessary arrangement for laboratory testing and provide test reports to the engineer का लागि रु १५,०००।०० रहेकोमा ल्याव टेष्ट वापत Province Engineering & Technical Lab pvt. ltd को प्रतिलिपि विल रु १५,०००।०० संलग्न गरी भुक्तानी गरेको छ । लेवोरेटरी स्थापना समेत गर्ने गरी वी.ओ.क्यु. मा आइटम रहेकोमा ल्याव टेष्ट गरेको प्रतिलिपि विल संलग्न गरी भुक्तानी दिएको उचित भएन रु... यस निर्माण कार्यको म्याद मिति २०७८।१२।३० सम्म थप भएकोमा कार्यसम्पादन जमानतको म्याद थप भएको छैन् । कार्यसम्पादन जमानतको म्याद थप गरे पश्चात मात्र निर्माण कार्यको म्याद थप गर्नु पर्दछ । लेखापरीक्षण अवधिसम्म कुनै काम भएको छैन् । समयमा निर्माण कार्य सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	१५,०००
२१			**उपभोक्ताको लागत सहभागिता**	
२१.१	371	२०७८-३-२५	**उपभोक्ताको अंश :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा लागत अनुमानमा उपभोक्ता समितिले व्यहोर्ने अंश समेत समावेश गर्नुपर्ने व्यवस्था छ । सोमनाथ मा.वि. आँखा अस्पताल पुलटोल पहिरो नियन्त्रण उपभोक्ता समिति सँग पालिकाले ८८.३५% व्यहोर्ने र उपभोक्ताको योगदानको अंश ११.६४% रहने गरी सम्झौता भएको छ । यस निर्माण कार्यको प्राविधिक विल रु १५,८७,८७१।५२ रहेकोमा खरिद सम्झौता अनुसार कुल विल रकम १५,८७,८७१।५२ को ८८.३५% ले हुने रकम रु १४,०२,८८४।०० भुक्तानी दिनु पर्नेमा पालिकावाट रु १४,११,०१८।०० भुक्तानी भएकोले खरिद सम्झौता अनुसार उपभोक्ताको योगदानको अंश कम भएको छ । अत: उपभोक्ताले योगदान गर्नुपर्ने अंश समेत पालिकावाट भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम रु ८,१३३।०० सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ रु....	८,१३३

			यस कार्यको सम्झौता रकम रु २२,६३,५०८।३८ रहेकोमा रु १५,८७,८७१।५२ को काम सम्पन्न पछी लेखापरीक्षण अवधिसम्म कुनै कार्य प्रगति भएको छैन् । खरिद सम्झौताको शर्त नं. २० मा कार्यालयसँग योजना कार्यान्वयनको लागि योजना सम्झौता गरी फरफारक नगर्ने उपभोक्ता समितिलाई कालोसुचिमा राखिने व्यवस्था छ । सम्वन्धित उपभोक्ता समितिवाट कार्यसम्पन्न गराउनु पर्ने अन्यथा कालोसूचीमा राख्नु पर्दछ ।	
२१.२	367	२०७८-३-२५	**उपभोक्ताको अंश :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा लागत अनुमानमा उपभोक्ता समितिले व्यहोर्ने अंश समेत समावेश गर्नुपर्ने व्यवस्था छ । अवरैया र भरवलिया चमारटोल बाटो र अवरैया ना.स.के. जाने बाटो निर्माण उपभोक्ता समिति सँग पालिकाले ९०.७५% व्यहोर्ने र उपभोक्ताको योगदानको अंश ९.२५% रहने गरी सम्झौता भएको छ । यस निर्माण कार्यको प्राविधिक विल रु ५,४१,१९७।२० रहेकोमा खरिद सम्झौता अनुसार कुल विल रकम ५,४१,१९७।२० को ९०.७५% ले हुने रकम रु ४,९१,०८४।०० भुक्तानी दिनु पर्नेमा पालिकावाट रु ५,०७,५६०।०० भुक्तानी भएकोले खरिद सम्झौता अनुसार उपभोक्ताको योगदानको अंश कम भएको छ । अत: उपभोक्ताले योगदान गर्नुपर्ने अंश समेत पालिकावाट भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम रु १६,४७५।०० सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ रु..	१६,४७५
२१.३	23	२०७८-३-३०	**उपभोक्ताको अंश :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा लागत अनुमानमा उपभोक्ता समितिले व्यहोर्ने अंश समेत समावेश गर्नुपर्ने व्यवस्था छ । जगन्नथ मा.वि. भवन निर्माण उपभोक्ता समितिलाई विल वापत रु १९,५०,०००।०० भुक्तानी भएको छ । यस निर्माण कार्यको प्राविधिक विल रु २०,६६,०३२।९२ रहेकोमा खरिद सम्झौता अनुसार कुल विल रकम २०,६६,०३२।९२ को ८५.७४% ले हुने रकम रु १७,७१,४१६।६२ भुक्तानी दिनु पर्नेमा पालिकावाट रु १,७८,५८३।०० वढी भुक्तानी भएकोले खरिद सम्झौता अनुसार उपभोक्ताको योगदानको अंश कम भएको छ । अत: उपभोक्ताले योगदान गर्नुपर्ने अंश समेत पालिकावाट भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ रु.....	१७८,५८३
२२			**उपभोक्तालाई सीमा वढी र जटील संरचनाको काम**	
२२.१	422	२०७८-३-३०	**उपभोक्ता समितवाट सीमा भन्दा वढीको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । सोमनाथ देखि हरकट्टा सडक किनार वृक्षारोपण उपभोक्ता समिति र ज्यामिरे देखि सोमनाथ सडक किनार वृक्षरोपण उपभोक्ता समितिको लागत अनुमान क्रमश: रु ८१,३४,६४८।७५ र रु ८१,३४,६४८।७५ (ओभरहेड र मू.अ.कर वाहेक) रहेको छ । उपभोक्ता समितिको विल वापत उपभोक्ता समितिलाई रु १९,२०,०००।०० भुक्तानी भएको छ । ज्यामिरे देखि सोमनाथ सडक किनार वृक्षरोपण उपभोक्ता समितिको प्राविधिक विल रु १६,०४,२१४।०० र सोमनाथ देखि हरकट्टा सडक किनार वृक्षारोपण उपभोक्ता समितिको प्राविधिक विल रु २०,३१,७३१।०० को पेश भएकोमा पालिकाले क्रमश: प्रति उपभोक्ता समिति रु ९,४७,२५७।०० भुक्तानी दिएको छ । एउटै कामका लागि दुइवटा उपभोक्ता समिति मार्फत काम भएको छ । प्रत्येक उपभोक्ता समितिको लागत अनुमान रु १ करोडको सीमाभन्दा वढी रहेको छ । विल रकम भुक्तानी गर्दा वन तथा भु-संरक्षण विभागले ७०% र पालिकाले ३०% व्यहोर्ने गरी सम्झौता भएकोमा आ.व. मा भुक्तानी भएको रकम पुरै वन तथा भु-संरक्षण विभागवाट प्राप्त गरि भुक्तानी गरेको देखियो । यसरी सम्झौता अनुसार दामासाहीवाट विल रकम भुक्तानी गर्नुपर्नेमा विलको पूरै रकम वनतर्फवाट प्राप्त गरी भुक्तानी दिएको र नियम विपरीत रु १ करोड भन्दा वढी लागत अनुमानको काम उपभोक्ता समिति मार्फत काम गरेको नियम सम्मत भएन रु..	१,९२०,०००
२२.२	383	२०७८-३-२७	**विधुतिकरणको काम उपभोक्तावाट :** सरकारी निकायले कार्य गर्दा विशिष्टिकृत निकायवाट हुने कार्य अन्य निकायले गर्नु उचित हुदैन । विधुतिकरण वापत पालिकाले उपभोक्ता समितिलाई रु रु ९,०२,७३८।०० भुक्तानी दिएको छ । जटिल प्रकृतिको कार्य उपभोक्ता समितिवाट गराएको उचित भएन । विधुत प्राधिकरण विशिष्टिकृत संस्थाद्धारा विधुतिकरणको काम हुनुपर्ने र विधुत उपयोग वापत महशुल समेत प्राधिकरणवाट असुल हुने हुदाँ पालिकावाट विधुतिकरणको काम भएको नियम सम्मत भएन रु.....	९०२,७३८
२३			**उपभोक्ताको खर्च प्रमाणित गर्ने विल भर्पाई**	२,९४२,२४०

उपभोक्ताको विल भर्पाइ : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन , विल, भरपाइ, र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति बाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । खरिद सम्झौताको शर्त मा मू.अ.कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,०००.०० भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्न पर्ने व्यवस्था भएकोमा नमूना छनोटको आधारमा लेखापरीक्षण गर्दा निम्नानुसार उपभोक्ता समितिले कर लाग्ने सामाग्रि मस्कट, वालुवा, गिट्टी खरिद गर्दा मू.अ.कर दर्ता नभएको फर्म सँग विभिन्न मिति र विलवाट कामलाई टुक्राइ रु २९,४२,२४०।०० को खरिद गरेको छ । खरिद सम्झौताको परिपालना नगरी खरिद गरी विल पेश भएको नियम सम्मत भएन रु...

गो.भौ. र मिति	उपभोक्ता समिति र काम	पान विल पेश भएको आपूर्तिकर्ता	विल रकम रु
२२०।०७८।०१।०८	हिलपार्क पर्खाल निर्माण उ. स	एस.के.सप्लायर्स	५,१६,५००
२३७।०७८।०१।२१	आवास स्मृतिटोल सडक कालोपत्रे उ. स	आर्यन सप्लायर्स, विसुनु सप्लायर्स, एस.एण्ड एल सप्लायर्स	७,५७,६४०
३४७।०७८।०३।२४	हिलपार्क स्थलमा स्वागत गेट निर्माण	एस.के. सप्लायर्स	३,३०,३००
४६४।०७८।३।३०	वडा नं. २ को नयाबस्ती सडक खण्डमा नाला निर्माण उ. स	ॐ बि.एन.एस.सप्लायर्स	१,९२,०००
३८७।०७८।०३।२८	वडा नं. २ र ९ को सडकमा नाला निर्माण उ. स	ॐ बि.एन.एस.सप्लायर्स	२,९७,०००
२६६।०७८।०३।०१	वडा नं.३ को सडकमा पक्कि कल्भर्ट निर्माण उ. स	पिके सप्लायर्स	४,९७,८००
४४९।०७८।०३।३०	अस्नैया हाट बजार निर्माण उ. स	एस.पि.सप्लायर्स	३,५१,०००
		जम्मा	२९,४२,२४०

२४			**वडा नं. २ को नयाँवस्ती सडक खण्डमा नाला निर्माण उपभोक्ता समिति**	
२४.१			**अनुदान फिर्ता :** प्रदेश नं. ५, समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ मा को (४.३) मा प्रदेश सरकारले व्यहोर्ने अंश कूल लागतको बढीमा पचास प्रतिशत सम्मको रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने र बाँकी अंश स्थानिय तहले विभिन्न ढाँचावाट व्होर्नु पर्ने व्यवस्था छ । कार्यविधिको (५.ज) मा कूल लागत रु ५० लाख भन्दा कमका आयोजना तथा कार्यक्रमका लागि समपूरक अनुदान उपलब्ध नहुने व्यवस्था छ । प्रदेश सरकारको समपूरक अनुदान अन्तर्गत प्रदेश र नगरपालिकाको साझेदारिमा अतिथि चोक देखि अटोभिलेज जाने सडक कालोपत्रे गर्ने कार्यका लागि ल.ई. रु ९७,२९,८५९।५२ स्वीकृत भई प्रतिस्पर्धावाट रु ६३,४३,४७८।५० मा खरिद सम्झौता भएको छ । पालिकाको मिति २०७७।११।१९ को कार्यपालिका बैठकवाट बाँकी रहेको रकमवाट वडा नं. २ को नयाँवस्ती सडक खण्डमा नाला निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्यान्वियन गर्ने निर्णय भएको छ । उपभोक्ता समितिवाट रु २७,४५,७८८।९४ को लागत अनुमानमा कार्यसम्पन्न गर्नेगरी सम्झौता भएकोमा प्रदेश समपूरक कार्यविधि अनुसार पालिका र प्रदेश वाट ५०%-५०% व्यहोर्नु पर्नेमा भुक्तानी भएको रकम रु १३,३०,३३४।०० मध्ये प्रदेश र पालिकावाट क्रमश रु ६,६५,१६७।०० व्यहोर्नु पर्नेमा प्रदेशको श्रोतवाट मात्र एकमुष्ट भुक्तानी दिएको छ । कार्यविधि भन्दा वढी प्रदेश स्रोतवाट भुक्तानी भएकोले वढी रकम पालिकावाट प्रदेशमा फिर्ता गर्नुपर्ने रु ..	६६५,१६७
२४.२	464	२०७८-३-३०	**प्रोभिजनल सम :** वडा नं. २ को नयाबस्ती सडक खण्डमा नाला निर्माण उपभोक्ता समितिवाट भएको निर्माण कार्यको प्रोभिजनल समको आइटम Establishment of Laboratory and field testing equipment including all necessary accessories and provide necessary arrangement for laboratory testing and provide test reports to the engineer का लागि रु २४,२९५।०० रहेकोमा ल्याव टेष्ट वापत Province Engineering & Technical Lab pvt. ltd को प्रतिलिपि विल रु २४,२९५।०० संलग्न गरी भुक्तानी गरेको छ । लेवोरेटरी स्थापना समेत गर्ने गरी वी.ओ.क्यु. मा आइटम रहेकोमा ल्याव टेष्ट गरेको विल संलग्न गरी भुक्तानी दिएको उचित भएन रु.	२४,२९५

२५			**वडा नं. २ र ९ को सडकमा नाला निर्माण उ. स.**	
२५.१	387	२०७८-३-२८	**कार्यक्रमको स्वीकृति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिका सभावाट स्वीकृत गराएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । वडा नं. २ र ९ को सडकमा नाला निर्माण कार्य रु २४,६८,२४३।०१ को लागतमा उपभोक्ता समिति मार्फत गराउने गरी मिति २०७७।१२।३० मा सम्झौता भएको छ । यस निर्माण कार्यको स्वीकृत कार्यक्रम रहेको पाइएन । नगरसभा तथा कार्यपालिका वैठक वाट अनुमोदन नगरी कार्यक्रम कार्यान्वियन गर्नु उचित भएन । यस्तो कार्य माथि नियन्त्रण हुनु पर्दछ। प्रदेश समपूरकको वचत रकमवाट खर्च गरिएको पालिकाले जानकारी दिएको छ ।	
२५.२			**अनुदान फिर्ता :** प्रदेश नं. ५, समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ मा को (४.३) मा प्रदेश सरकारले व्यहोर्ने अंश कूल लागतको बढीमा पचास प्रतिशत सम्मको रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने र बाँकी अंश स्थानिय तहले विभिन्न ढाँचावाट व्यहोर्नु पर्ने व्यवस्था छ । कार्यविधिको (५.ज) मा कूल लागत रु ५० लाख भन्दा कमका आयोजना तथा कार्यक्रमका लागि समपूरक अनुदान उपलब्ध नहुने व्यवस्था छ । यस निर्माण कार्यको प्रथम रनिङ्ग विल वापत रु २१,४५,८६६।०० प्रदेश समपुरकवाट खर्च भएको छ । समपुरक कार्यविधि अनुसार पालिका र प्रदेशवाट ५०-५०% व्यहोर्नु पर्नेमा यस निर्माण कार्यकालागि कुल खर्च रु २१,४५,८६६।०० को ५०% ले हुने रु १०,७२,९३३।०० क्रमश: पालिका र प्रदेशले व्यहोर्नु पर्नेमा प्रदेश तर्फको रु १०,७२,९३३।०० वढी खर्च भएको देखियो । आर्थिक वर्षको अन्त्यमा प्रदेशमा फिर्ता गर्नु पर्ने रकम रु १०,७२,९३३।०० फिर्ता नगरी खर्च गरेकोले उक्त रकम प्रदेशमा फिर्ता गर्नुपर्ने रु...	१,०७२,९३३
२६			**लौकेश्वर बैरागनाथ खानेपानी लाईन विस्तार उपभोक्ता समिति** **खानेपानीमा जनश्रमदानका लागि पालिकावाट भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा लागत अनुमानमा उपभोक्ता समितिले व्यहोर्ने अंश समेत समावेश गर्नुपर्ने व्यवस्था छ । सम्झौता अनुसारको लागत सहभागिता उपभोक्ता स्वयंम वाट योगदान हुनुपर्दछ । यस पालिका र लौकेश्वर बैरागनाथ खानेपानी लाईन विस्तार उपभोक्ता समिति वीच रु ४१,९१,८२२।०५ को लागतमा मिति २०७७।०३।११ मा खानेपानी लाईन विस्तार कार्य सम्पन्न गर्नेगरी मिति २०७६।१२।१९ मा सम्झौता भएको छ । खानेपानी पाइप ३२१०६ र.मी. का लागि १८९३९।८९ घ.मी. को खन्ने पूर्ने कार्यका लागि हालसम्म रु ३८,०९,७५८।९२ उपभोक्ता समितिलाई भुक्तानी भएको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले वोरिङ्ग, ओभरहेड टंकी, पम्प हाउस, कार्यालय भवन, प्रशारण लाइन र वितरण लाईनका लागी खानेपानी पाइप उपलब्ध गराउने र उपभोक्ताले पाइपको खन्ने पूर्ने कार्यको लागि जनश्रमदान गर्ने गरी सम्झौता भएको हुन्छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सँग जनश्रमदान गर्ने गरी सम्झौता गरी पालिकावाट जनश्रमदान वापत योगदान गर्नुपर्ने रकम लिई काम गरेको देखियो । एक निकायसँग जनश्रमदान गर्नेगरी सम्झौता गरी अर्को निकायसँग रकम निकासालिई जनश्रमदानवाट गर्नुपर्ने काम गरेकोले उक्त रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ रु.....	३,८०९,७५८
२७			**वढी भुक्तानी**	
२७.१	419	२०७८-३-३०	**वढी भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । मनमोहन मार्गको अधुरो नाला निर्माण वापत उपभोक्ता समितिलाई रु १२,००,४१२।०० भुक्तानी भएको छ । यस फाइनल विल अनुसार रु ११,८४,२०५।९७ भुक्तानी दिनुपर्नेमा रु १२,०४,४१२।०० भुक्तानी भएकोले वढी भुक्तानी भएको रु २०,२०६।०३ सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु..	२०,२०६
२७.२	266	२०७८-३-१	**वढी भुक्तानी :** गो.भौ. २६६।०७८।०३।०१: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । वडा नं.३ को सडकमा पक्कि कल्भर्ट निर्माण कार्य वापत उपभोक्ता समितिलाई रु २,३६,६३०।०० भुक्तानी भएको छ । यस फाइनल विल अनुसार रु १,९०,४२९।२२ भुक्तानी दिनुपर्नेमा रु २,३६,६३०।०० भुक्तानी भएकोले वढी भुक्तानी भएको रु ४६,२००।७८ सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु...	४६,२००
२७.३			**उपभोक्ता समितिवाट खरिद :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समितिवाट गराउन सक्ने व्यवस्था छ । यस पालिकाले रामनगर महिला कल्याण केन्द्र निर्माण उ.स. मार्फत काम गराइ रु १४,६२,०००।०० भुक्तानी भएको छ । यस निर्माण कार्यमा	

			१० वटा कम्प्युटर वापत रु ३,१५,१००।००; विभिन्न फर्निचर खरिद वापत रु ३,०५,०००।००; १० वटा कम्प्युटर टेवल खरिद वापत रु १,८५,०००।०० समेत जम्मा रु ८,०५,१००।०० को सामान खरिद भएको छ । यस्ता सामानहरु खरिद गर्ने कार्य उपभोक्ता मार्फत नगराई प्रतिष्पर्धात्मक तवरवाट खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
२८			**सोझै खरिद**	
२८.१	28	२०७७-७-३	**क . वढी भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । हर्दिया २ नं. को सम्पूर्ण टोलमा पक्की नाला निर्माण सहितको ढल निकास कार्यका लागि आर्या कन्स्ट्रक्सन एण्ड मल्टिप्रपोज प्रा.लि. (६०९६०८८४३) को विजक नं. ०१।२०७७।०६।१३ वाट ४,७८,२७७।४७ रकमको विल रहेकोमा रकम निकासाको टिप्पणीमा रु २२,१६३।०० धरौटी कट्टी गरी वाँकी रु ४,५६,११४।०६ भुक्तानी दिने गरी निर्णय भएकोमा रु ४,७८,२७७।०० नै भुक्तानी दिएको छ । अत: भुक्तानी भएको वढी रकम रु २२,१६३।०० सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु...	२२,१६३
२८.२			**ख. मूल्य अभिवृद्धि कर कट्टी –** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले भुक्तानी गर्दा नियमानुसार ३० प्रतिशत रकम राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । मू.अ.कर वापत रु ५५,०२३ भुक्तानी भएकोमा भुक्तानी गर्दा ३०% ले हुने रकम रु १६,५०६।९० कट्टी नगरी भुक्तानी भएकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु..	१६,५०६
२९			**आयकर कट्टी नगरेको** आयकर कट्टी नगरेको: आयकर ऐन २०५८ को दफा ८७(१) वमोजिम प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा आय कर कट्टी गर्नुपर्नेछ । पालिकाले निम्न कर्मचारीहरुको आयकर कट्टी गर्नुपर्नेमा नगरेकाले असूल गरी दाखिला गर्नुपर्ने	१७९,३८२

नाम	वार्षिक आय	आय छुट	आयकर लाग्ने रकम	आय छुट	खुद आय	रकम
चुरामणि नेपाल	६०८०६०	४५००००	१५८०६०	२५०००	१३३०६०	१६६१२
कमला गौतम	५६६००५	४५००००	११६००५	२५०००	९१००५	९१००
यमकला न्यौपाने	५८४७७५	४५००००	१३४७७५	२५०००	१०९७७५	११९५५
लक्ष्मी ज्ञवाली	४८७२२८	४५००००	३७२२८	२५०००	१२२२८	१२२३
विष्णु प्रसाद गोतामे	६२९४८८	४५००००	१७९४८८	२५०००	१५४४८८	२०८९८
पशुपति भट्टराई	६२२४१३	४५००००	१७२४१३	२५०००	१४७४१३	१९४८२
वृहस्पति घिमिरे	६०६१३९	४५००००	१५६१३९	२५०००	१३११३९	१६२२८
राजेन्द्र प्रसाद सापकोटा	५७१७५२	४५००००	१२१७५२	२५०००	९६७५२	९६७५
मोहनराज ज्ञवाली	५९१४६१	४५००००	१४१४६१	२५०००	११६४६१	१३२९२
मिश्री प्रसाद खड्का	५२६२४२	४५००००	७६२४२	२५०००	५१२४२	५१२४
सन्तोष गैरे	५८४३८०	४५००००	१३४३८०	२५०००	१०९३८०	११८७६
सन्ध्या ज्ञवाली	५६१८८७	४५००००	१११८८७	२५०००	८६८८७	८६८९
खेमराज अवस्थी	५७९७०२	४५००००	१२९७०२	२५०००	१०४७०२	१०९४०
कुमार विभोर सिंह	५६१८८७	४५००००	१११८८७	२५०००	८६८८७	८६८९
सन्तोष कण्डेल	५६१८८७	४५००००	१११८८७	२५०००	८६८८७	८६८९
घनश्याम ज्ञवाली	५०८२६२	४५००००	५८२६२	२५०००	३३२६२	३३२६
रेशम प्रसाद शर्मा	४९१०२०	४५००००	४१०२०	२५०००	१६०२०	१६०२
पुरुषोत्तम ढकाल	४९४८१८	४५००००	४४८१८	२५०००	१९८१८	१९८२
जम्मा						१७९३८२

३०			**शिक्षक तलव वढी भुक्तानी**	४३,९०६

https://nams.oag.gov.np

शिक्षकको तलब भत्ता शिक्षक किताबखाना बाट पारित तलवी प्रतिवेदन अनुसार खर्च लेख्नुपर्दछ । पालिकाले विभिन्न विद्यालयको शिक्षकहरुलाई पाउनुपर्ने अधिकतम् ग्रेड भन्दा बढी ग्रेड भुक्तानी दिएकाले बढी ग्रेड असूल गरि दाखिला गर्नुपर्ने

शिक्षकको नाम	विद्यालयको नाम	बढी ग्रेड	दर	रकम	संचयकोष सहित बढी भुक्तानी
नैनाकला गैरे	नवदुर्गा मा.वि	१६	८८७	१४१९२	१५६११
ज्योती कुमारी पौडेल	महाकवि देवकोटा मा.वि	१६	८८७	१४१९२	१५६११
ओम प्रकास चौधरी	जगन्नाथ मा.वि	७	८८७	६२०९	६८३०
राधिका भट्टराई	जगन्नाथ मा.वि	३	८८७	२६६१	२९२७
गिता जि.सी	महाकवि देवकोटा मा.वि	३	८८७	२६६१	२९२७
जम्मा					४३९०६

३१ | १६ | २०७७-६-२९

शिक्षण सिकाइ सामग्री अनुदानमा बढी भुक्तानी

शिक्षण सिकाइ सामग्री अनुदान: कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं. २.७.१३.३ मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री अनुदान दिँदा EMIS का आधारमा दिनुपर्दछ । तर पालिकाले विभिन्न विद्यालयलाई EMIS मा भएको विद्यार्थी संख्या भन्दा ज्यादा अनुदान दिएको देखिन्छ । तसर्थ, बढी वितरण भएको अनुदान असूल गर्नुपर्दछ ।

१९,२००

विद्यालयको नाम	पूर्व प्रा.वि			प्रा.वि			जम्मा
	दिएको	EMIS	बढी	दिएको	EMIS	बढी	
भगवती मा.वि	९४	८९	२५००	१३५	१२९	९००	३४००
सरस्वती प्रा.वि	६१	३६	१२५००				१२५००
वाल्मिकि प्रा.वि	४७	४१	३०००	२५	२३	३००	३३००
जम्मा							१९२००

३२

आन्तरिक आय र आय ठेक्काः

३२.१

आय ठेक्का रद्ध गरेकोः रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, 2020 को दफा ६ मा प्रकाशित सूचना बमोजिम टेण्डर दिने व्यक्तिले आफुले कबुल गरेको रुपैयाँको अंकको सयकडा पाँच प्रतिशत डिपोजिट त्यस्तो सूचना प्रकाशित गर्ने कार्यालय वा अधिकारीको नाममा तोकिए बमोजिम बैँकमा डिपोजिट राखि त्यसको सक्कल रसिद, ड्राफ्ट वा नोट डाँक बोलाउने अड्डा कार्यालय वा अधिकारी कहाँ दाखिल गर्नुपर्ने र त्यसरी दाखिल भई आएका बोलपत्रहरुको दफा 7 बमोजिम कारबाही गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ठेक्का नं.10/2077/78 भुमही खोला ठेक्का सम्बन्धी बोलपत्र मिति 2077/09/19 मा राष्ट्रिय दैनिक पत्रमा न्युनतम कबोल अंक रु.2,65,79,532/- तोकेर सूचना प्रकाशित गरी मिति 2077/10/20 बोलपत्र मुल्याङ्कन समितिको बैठक बसी मुल्याङ्कन गरेको पाईयो । उक्त ठेक्कामा रायमाझी कन्स्ट्रक्सन र सुशान्त कन्स्ट्रक्सन प्रा.लि. ले बोलपत्र पेश गरेकोमा सारभूत रुपमा प्रभावग्राही बढी अंक कबोल गर्ने सुशान्त कन्स्ट्रक्सन प्रा.लि. ले करबाहेक रु.2,66,82,222/- कबोल गरेकोमा धरौटी बापतको 5 प्रतिशत रकम रु.14,00,000/- मध्ये रु.9,50,000/- आन्तरिक राजश्व खाता र

२६,६८२,२२२

			बाँकी धरौटी खातामा जम्मा गरेको देखिएकोले बोलपत्र मुल्याङ्कन समितिको निर्णयबाट सारभूत रुपमा प्रभावग्राही नभएको भनी ठेक्का रद्ब गरेको देखियो । ऐनले धरौटी बापतको रकम सूचना प्रकाशित गर्ने कार्यालय वा अधिकारीको नाममा तोकिए बमोजिम बैंकमा डिपोजिट राखि त्यसको सक्कल रसिद, ड्राफ्ट वा नोट डाँक बोलाउने अड्डा कार्यालय वा अधिकारी कहाँ दाखिल गर्नुपर्ने भनी तोकेको र धरौटी वापतको रकम आन्तरिक राजश्व खातामा जम्मा गरेकोले ठेक्का नै रद्ब गर्नुपर्ने भनी उल्लेख गरेको छैन ।नगरपालिकाको राजश्व खातामा धरौटी वापतको रकम जम्मा भएतापनि उक्त रकम कार्यालयको नाममा नै रहने र नगरपालिकाको निर्णय वेगर निर्माण व्यवसायीले झिकेर प्रयोग गर्न नमिल्ने र सोहि आधारमा आय ठेक्का रद्ब गर्न समेत मिल्ने देखिँदैन । तसर्थ ऐनविपरीत प्रत्यक्ष रुपमा नगरपालिकाको आन्तरिक आय रु.2,66,82,222/- घट्ने गरी आय ठेक्का रद्ब गर्ने कार्य औचित्यहीन र नियमसम्मत नभएको	
३२.२			(क) विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, 2074 को परिच्छेद 10 को दफा 30 मा बोलपत्रदाताले बैंकबाट जारी बोलपत्रसँग सम्बन्धित कागजातहरु (बोलपत्र सम्बन्धी कागजातको दस्तुर भौचर, बोलपत्र जमानत, कार्य सम्पादन जमानत र अन्य कागजात) बोलपत्र खोलेपछि सम्बन्धित बैंकका मेकर प्रयोगकर्ताले प्रमाणित गरी चेकर प्रयोगकर्ता समक्ष पठाउनु पर्ने, चेकर प्रयोग कर्ताले प्रमाणीकरण गरेपश्चात सम्बन्धीत सरोकारबालालाई प्रणालीले स्वतः ईमेल मार्फत जानकारी गराउने र उक्त कार्य २ दिनभित्र सक्नुपर्ने तथा वाणिज्य बैंकका सम्बन्धित प्रयोगकर्ताहरुबाट प्रमाणीकरण नभएमा सार्वजनिक निकायको बोलपत्र मुल्याङ्कन समितिका प्रमुख सहित अन्य दुई जना सदस्यले समेत सम्बन्धित बैंकसँग एकिन गरी प्रमाणीकरण गरेर ठेक्का व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले उक्त आय ठेक्का पूनः दोस्रो पटक मिति 2077/11/02 गते हिमालय टाइम्स दैनिकमा प्रकाशित गरेकोमा अनलाईन बाट पर्न गएको एउटामात्र बोलपत्र दाता श्री बिसुबिन निर्माण सेवाले रु.2,65,79,532/- कबोल गरेकोमा उक्त पार्टीले ५ प्रतिशत धरौटीबापत हुने रु.13,28,977/- बराबरको रकम अनलाईनबाट अपलोड गरेकोमा उक्त कागजात खाली रहेको र धरौटी वापतको रकम नखुलेकोले उक्त बोलपत्र पनि मुल्याङ्कन समितिको 2077/11/17 गतेको निर्णयबाट रद्ब गरेको देखियो । अनलाईन बाट ठेक्का व्यवस्थापन गर्दा बोलपत्र सँग सम्बन्धित भौचर लगायत कागजात प्रमाणीकरण नगरी ठेक्का व्यवस्थापन गरेकोले धरौटी वापतको रकम नखुलेको भनी ठेक्का रद्ब गर्ने कार्य निर्देशिका विपरीत भएकोले बोलपत्र मुल्याङ्कन समितिलाई जिम्मेवार बनाई अनलाईन बाट बोलपत्र व्यवस्थापन गरिनु पर्दछ ।	
३२.३			नगरपालिकाले तुरीया खोला माथिल्लो खण्ड र पानभार खोला नदीजन्य पदार्थ उत्खनन् को लागि निश्चित परिमाण तोकेर ठेक्का लगाई कार्य गरेको पाईयो । उपरोक्तानुसार खोलाहरुबाट निकाल्न सकिने निश्चित घनफिट नदीजन्य पदार्थ सूचनामा उल्लेख गरी सोही बमोजिम सम्झौता समेत भएकोमा कबोल गर्ने निर्माण व्यवसायीले कति घनफिट नदीजन्य पदार्थ उत्खनन् गरेको हो र सम्झौताभन्दा बढी उत्खनन् भए/ नभएको सम्बन्धमा नगरपालिकाबाट कुनै नापजाँच भएको देखिएन । अतः नगरपालिकाले सम्झौता बमोजिमको परीमाण वा सोभन्दा कति घटी/बढी उत्खनन् गरेको हो सोको नापजाँच गरी परिमाण एकिन भएपश्चात मात्र विक्रि आदेश दिई बढी भएको भए सो बराबरको थप राजश्व र शुल्क समेत लिई नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी ठेक्का संचालन गर्नु पर्दछ ।	
३२.४			मु.अ.कर दाखिलाः नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा अदी) उत्खनन्, संकलन तथा विक्री वितरण गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्न कार्यालय र सेवा प्रदायक संस्थाहरु बीच भएको सम्झौताको र एकीकृत आर्थिक संकेत, वर्गीकरण र ब्याख्या अनुसार सेवा प्रदायकले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर (भ्याट), तथा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क सबै सेवा प्रदायकले नगर कार्यपालिका र सम्बन्धित राजश्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरेको छ । तर नदीजन्य पदार्थको आय ठेक्का स्वीकार गर्ने निर्माण व्यवसायीबाट असुल गरी स्थानीय तहले स्थानीय तहकै नामबाट सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर रु. 1,02,20,772/- निर्माण व्यवसायीले आफ्नै नामबाट राजश्व शीर्षक नं.33313 मा आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको देखियो । मु.अ.कर स्थानीय तहको नामबाट दायित्व हुने र सम्बन्धित व्यवसायीकले हिसाब मिलान समायोजन गर्न नपाउनेमा व्यवसायीकै नामबाट व्यवसायीको सम्पर्क नम्बर तथा भ्याट नम्बर उल्लेख गरिएकोले व्यवसायीहरुलाई अनुचित लाभ पुग्न गएको देखियो । अतः देहाय अनुसार व्यवसायीको नामबाट मु.अ.कर दाखिला गरिएकाले स्थानीय तहले विक्रि गरेको प्राकृतिक श्रोत (ढुङ्गा, गिट्टी, बालुवा अदी) को मु.अ.कर व्यवसायीबाट राजश्व शीर्षक नं.33317 (बेदर्तावालबाट संकलन भएको मु.अ.कर) मा दाखिला भएको समायोजन प्रमाण पेश हुनु पर्ने रु.	१०,२२०,७७२

ठेक्का नम्बर	विवरण	पार्टीको नाम	दाखिला भएको शिर्षक	दाखिला गर्नुपर्ने शीर्षक	रकम
09-2077/78	तुरिया खोला माथिल्लो खण्ड	मल्टिटेक कन्स्ट्रक्सन एण्ड सप्लायर्स	33313	33317	5733000
11-2077/78	पानभार खोला	रायमाझी कन्स्ट्रक्सन प्रा.लि.	33313	33317	4487772
जम्मा					10220772

३२.५			आन्तरिक आयः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । पालिका र वडा कार्यालयहरुले मिति 2076/04/01 देखि 2077/03/31 सम्मको अवधिमा नगदी, मालपोत, सिफारिस शुल्क र अन्य विविध गरी रसिद प्रयोग गरी रु.6,13,59,874/- राजश्व संकलन गरेकोमा विभिन्न मितिमा आन्तरिक राजश्व खातामा रु.6,13,38,964/- मात्र बैँक दाखिला भएको पाईयो । पालिका र वडा कार्यालयहरुले असुली गरेको भन्दा घटी राजश्व दाखिला भएकोले घटी दाखिला देखिएको रु.20,910/- राजश्व संकलन गर्ने व्यक्तिलाई जिम्मेवार बनाई 10 प्रतिशत जरिवाना सहित असुल गर्नुपर्ने रु.	२३,००२
३२.६			अन्य ठेक्काः नगरपालिका र निम्नानुसार सार्वजनिक शौचालय बहालवापत ठेक्का कबोल गर्ने व्यक्ति तथा संस्थाहरुबीच भएको सम्झौताको बुँदा नं. १ मा बहाल कर असुली ठेक्काको अवधि आ.व.075/76 देखि पाँच वर्षको हुने र प्रत्येक वर्ष 10 प्रतिशतका दरले ठेक्का रकम बृद्धि हुने उल्लेख छ । पालिकाले सम्झौता भएको 2 वर्षपश्चात समेत पहिलेको सम्झौताअनुसार बहाल कर लिएको पाईयो । नगरपालिकाको आर्थिक ऐन र सूचनाको शर्तअनुसार एकमुष्ट रकम बुझाएमा कबोल अंकको 10 प्रतिशत छुट दिन सकिने व्यवस्था अनुसार बहाल कर संकलन गरेको पालिकाले जनाएको छ । तर पाँच वर्षको लागि सम्झौता भएकोले पाँच वर्षको रकम एकैचोटी बुझाएमात्र छुट दिन सकिने अन्यथा बार्षिक रुपले तिर्ने रकम किस्ताबन्दी अनुसार हुन जाने देखिएकोले किस्ताबन्दी बुझाएको रकममा छुट दिन मिल्ने देखिदैँन । अतः पालिकाले निम्नानुसार बहाल सम्झौतामा बहाल करवापत बृद्धि भएको रकम संकलन गरेको उक्त रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु.	२४१,४८३.६२

ठेक्का नं.	ठेकेदारको नाम	सम्झौता रकम	2077/78 को रकम	दाखिला	बाँकी
08-075/76	मोहनीलाल थापा	42000	50820	22000	28820
09-075/76	राम प्रसाद सुवेदी	48060	58153	47975.9	10177.1
05-075/76	खुमानन्द न्यौपाने	66012	79874.52	65897	13977.52
06-075/76	चन्द्रदत्त खनाल	91200	110352	91040	19312
07-075/76	दुर्गीसरा खाम्जा	104712	126702	104520	22182
12-75/076	शिवराज भर	121500	147015	0	147015
जम्मा		473484	572916.52	331433	241484

३३	112	२०७८-३-१७	**शसर्त अनुदान फिर्ता गर्नुपर्ने** शसर्त अनुदान फिर्ता गर्नुपर्ने – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । संघीय शसर्त अनुदानबाट पालिकाले विद्यालयलाई सञ्चालन तथा व्यवस्थापन शिर्षकमा बेन्च खरिदमा रु. १५००००० निकासा गरेकाले पालिकाले शसर्त रकम फिर्ता गर्नुपर्दछ ।	१,५००,०००
३४			**विद्यालय भौतिक पूर्वाधार निर्माण** विद्यालय भौतिक पूर्वाधार निर्माण: कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ८.१ अनुसार प्रत्येक स्थानीय तहले प्राप्त विद्यालय भौतिक कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता , २०६० मा भएको अनुसार भूकम्प प्रतिरोधी , अपाङ्गता मैत्री, बाल मैत्री, छात्रा मैत्री एवम् वातावरण मैत्री गराउनु पर्नेछ । त्यसैगरी ८.२ अनुसार स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । महाकवि देवकोटा नमुना मा.वि लाई वास सुविधा भएको शौचालय तथा २ कोठे भवन निर्माण अनुदान प्रदान गरेकाले सो विद्यालयले कार्यसम्पन्न प्रतिवेदन प्रमाण स्वरुप पेश गर्नुपर्दछ ।	२,५००,०००
३५			**दलित तथा छात्रा छात्रवृत्ति** दलित तथा छात्रा छात्रवृत्ति: कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं. ४.२ मा गैरआवासीय छात्रवृत्ति वितरण गर्दा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृत्ति अनुदान प्रदान गर्नुपर्दछ । पालिकाले विद्यालयहरुसँग छात्रवृत्ति वितरण गरेको भरपाईको विवरण माग्नु पर्नेमा माग नगरेकाले विद्यालयसँग छात्रवृत्ति वितरण गरेको भरपाईको विवरण माग गरी प्रमाण पेश गर्नुपर्ने	२,१६१,०५०
३६			**पदाधिकारीको अधिक सुविधा** पदाधिकारीको अधिक सुविधा: स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४(२) मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । तर पालिकाले सवारी साधन प्रयोग गर्नुभएका पदाधिकारी ज्यूहरुलाई इन्धन खर्च वापत रु.६००० र मर्मत खर्च वापत रु.२५०० प्रदान गरेकाले दोहोरो सुविधा पर्न गएकोले वडा अध्यक्ष श्री राम प्रसाद तामाङ संग ६ महिनाको रु.५१०० असूल गर्नुपर्ने	५१,०००
३७			**आनुपातीक बढी अनुदान** सहकारी शीतभण्डार निर्माणसम्बन्धी मानदण्ड, 2074 को बुँदा 5 मा निर्माणतर्फ आवश्यक रकमको 60प्रतिशत रकम रकम सम्बन्धित स्थानीय तहले अर्थ मन्त्रालयमा शसर्त अनुदानमा समावेश गरिदिन प्रस्ताव गर्ने र बुँदा ६ (ज) मा निर्माण व्यवसायीसँग सम्झौता भएपश्चात स्थानीय तहले कबोल गरेको रकमको 60 प्रतिशत रकमको सार्वजनिक खरिद ऐन, 2063 र नियमावली, 2064 बमोजिम मोबिलाईजेशन पेश्की दिन सकिने उल्लेख छ । पालिका र जिल्ला सहकारी संघ लिमिटेड नवलपरासी बीच 2075/06/01 गते सहकारी शीतभण्डार निर्माणको रु.19,82,20,915.78/- अंकमा सम्झौता भएको र सोही बमोजिम कार्यालयले आ.व.2075/76 मा रु.3,00,00,000/-, 2076/077 मा रु.2,00,00,000/- र आ.व.2077/78 मा रु.2,79,60,605/- सहित जम्मा रु.7,79,60,605/- अनुदान उपलब्ध गराएको देखियो । कार्यालयले कार्यसम्पन्नको आनुपातिक तवरले 60 प्रतिशत बराबर हुने रकम अनुदान भुक्तानी दिनुपर्नेमा सो गरेको पाईएन । सो शीतभण्डारको हालसम्म (चौथो रनिङ विल) रु.8,55,03,104.89 को मात्र कार्यसम्पन्न भएको देखियो जसअनुसार पालिकाले हालसम्म 60 प्रतिशतले हुने रु.5,13,01,864/- मात्र भुक्तानी दिनुपर्नेमा कार्यसम्पन्नको आनुपातीक भन्दा रु.2,66,58,742/- बढी हुने गरी भुक्तानी दिएको पाईयो । तसर्थ पालिकाले कार्यसम्पन्नको आनुपातीक (60:40) भन्दा बढी हुने गरी जिल्ला सहकारी संघ लिमिटेड नवलपरासी लाई भुक्तानी दिएको रु. 2,66,58,742/- आगामी भुक्तानीमा समायोजन गरेर कार्यसम्पन्नको आधारमा आनुपातिक तवरले भुक्तानि दिनेतर्फ ध्यान दिनु पर्दछ ।	
३८			**आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु**	
३८.१			**आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराः** स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 77 (2) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणले औँल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै संपरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि असुल फछ्र्योट गराएको छैन । अतः पालिकाले कारोबारसँग सँग सम्बन्धित अधिकारीलाई समेत जिम्मेवार बनाई निम्नानुसार बेरुजु असुल फछ्र्योट गर्नुपर्ने रु.	४४९,०७५

क्र.सं.	भौ.नं.	बेरुजुको विवरण		रकम रु.
नगरपालिका पूँजीगत				
1	28	वडानं.2 को सम्पूर्णटोल र वडा नं.5 हर्दियामा निर्णय र बीलभन्दा बढी भुक्तानी भएको सम्बन्धितबाट असुल गर्नुपर्ने		22163
2	43	ग्रामिण विद्युतीकरण कार्यक्रममा घटी कर कट्टा गरेको असुल गर्नुपर्ने		818
3	74	पालो पहरामा तोकिएभन्दा ६ जना बढीलाई भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने		30000
4	204	बहुउद्वेश्यीय सभाहल निर्माण वापत नर्थसाउथ ईन्जिनियरिङ सर्भिस लाई रु.1848299.22 भुक्तानी दिनुपर्नेमा रु.1946373/- भुक्तानी दिएकोमा बढी भुक्तानी असुल गर्नुपर्ने रु.		98044
5	167	३ नं. वडा कार्यालय भवन निर्माण को लागि लुम्बिनी साँस्कृतिक एसोसियट्स प्रा.लि. लाई प्रथम रनिङ विलवापत रु.3278697/- भुक्तानी दिनुपर्नेमा रु.3287697/- भुक्तानी भएकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु.		10000
संघीय सरकार हस्तान्तरीत चालु				0
6	5,39 र 75	निम्नानुसार विद्यालयहरुलाई चौमासिक बढी निकासा दिएको रकम असुल हुनुपर्ने		110548
		प्रगती मा.वि.	24151	
		भगवती मा.वि.	3522.5	
		जनसेवा मा.वि.	55794	
		अरनिको मा.वि. हरिकुमार ढकाल	5640	
		रमपुरवा मा.वि.	7983	
		भगवती मा.वि.	2706.5	
		जनजागृती आ.वि.	10750.5	
		जम्मा	110547.5	
7	6	देहायका व्यक्तिसँग बहालकर असुल गर्नुपर्ने रु.		2080
		सुशिल श्रेष्ठ	680	
		कृषि शाखा प्रमुख (मिनिकिट ढुवानी)	1400	
		जम्मा	2080	

प्रदेश सरकारबाट हस्तान्तरीत चालु			0
8	10	मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रममा अबिल रसायलीको नाममा रु.8000/- खर्च लेखेकोमा निजले बुझेको नदेखिएकोले सोधभर्ना लिने श्री अमृता गैरेबाट असुल गर्नुपर्ने	8000
सुनवल नगरपालिका आन्तरिक चालु			0
9	155	अपाङ्ग जीवन विकास संस्थालाई बीलभन्दा बढी भुक्तानी भएकोले बढी रकम रु.9000/- असुलगर्नुपर्ने	9000
10	166	विश्व रेविज दिवशको दिन गरेको कार्यक्रममा नगरपालिकाको आर्थिक ऐनले तोकेको रु.1000 भन्दा बढी हुने गरी रु.1500 को दरले 12 जनालाई प्रतिब्यक्ति रु.500/- बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने	6000
11	249	९पटक गाडी सर्भिसिङ गरेको भनी मर्मत आदेश अनुसार रकम भुक्तानी लिएकोमा खाना मासु र खाजाको विलवापत रु.16960/- भुक्तानी दिएकोले कामसँग असम्बन्धित खर्च सम्बन्धितबाट असुल हुनुपर्ने रु.	16960
12	302	घरनक्सा अनुगमन गरेको भनी विभिन्न 10 जना कर्मचारीहरुलाई अनुगमन प्रतिवेदन र नगरपालिकाको निर्णय वेगर नै 3000/ को दरले खर्च लेखेको सम्बन्धितबाट असुल गर्नुपर्ने	30000
13	315	आधारभूत स्वास्थ्य केन्द्र संचालन खर्च भुक्तानी गर्दा बील खर्चवापत रु.24263/- भुक्तानी भएकोमा वीलको जोडजम्मा रु.18586/- मात्र देखिएकोले बढी भुक्तानी भएको रु.5677/-असुल गर्नुपर्ने	5677
14	339	वडा नं. 8 का वडासचिव श्री रामप्रसाद पौडेललाई विलभन्दा रु.2000/- बढी भुक्तानी भएकोअसुल गर्नुपर्ने रु.	2000
15	583	महिला उद्यमकेन्द्र संचालन तथा व्यवस्थापन समितिको ३ महिना सिलाई कटाई तालिम बापत प्रशिक्षक सरस्वती खड्कालाई रु.70000/- पारिश्रमिक खर्च लेखेकोमा पारीश्रमिक कर कट्टी नगरेको रु.	11700
16	707	१३ वटै वडामा महिला उद्यम केन्द्र संचालन तथा व्यवस्थापन कार्यक्रम संचालन गरी भुक्तानी दिएकोमा रु.18955/- बराबरको बील भरपाई नभएकोले घटी बिल भरपाई भुक्तानी भएको रकम सम्बन्धित समितिबाट असुल गर्नुपर्ने	18955
17	849	वडा नम्बर ६ का वडा सचिव श्री नवीन वलीको कार्यालय संचालन पेश्की फछ्र्योट गर्दा रु.10000/- बराबरको बील भरपाई नभएकोले घटी बिल भरपाई भुक्तानी भएको रकम सम्बन्धित समितिबाट असुल गर्नुपर्ने	10000
18	853	उपसचिव श्री विष्णुप्रसाद गोतामेलाई संचार खर्चवापत रु.7800/- भुक्तानी दिनुपर्नेमा रु.37930/- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.30130/- सम्बन्धित बाट असुल गर्नुपर्ने रु.	30130
कोभीड तर्फः			0
19	100	पालिकाले सम्झौता गरी साँझ विहान खाना तथा नास्ता वापत प्रतिव्यक्ति रु.400/- को दरले खाना खर्चवापत भुक्तानी दिने उल्लेख गरेको छ । तर पालिकाले पानी वापतको खर्च भनी थप रु.27000/- अतिरिक्त विल राखी भुक्तानी दिएको छ । पालिकाले सम्झौताभन्दा बढी हुने गरी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.	27000

			जम्मा — 449075	
३८.२			**प्राविधिकलाई दोहोरो सुविधाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 41 (च) मा सरकारी रकम खर्च गर्दा कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट खर्च नगरिएको सुनिश्चित हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यालयमा कार्यरत कर्मचारीहरुलाई अतिरिक्त समय कार्य गरेवापत कार्यविधि बनाई प्रोत्साहन भत्ता खर्च लेखेको र प्रोत्साहन भत्ताका साथसाथै निम्नानुसार प्राविधिकहरुलाई दैनिक २ घण्टा काम गरेको भनी प्रतिदीन थप रु.250/- को दरले ४ महिना बराबरको रु.534100/- थप सुविधा निवेदनको आधारमा उपलब्ध गराएको पाईयो । फिल्डमा अनुगमन तथा मुल्याङ्कन गर्ने कार्य प्राविधिकको नियमित काम भएकोले सोवापत छुट्टै रकम उपलब्ध गराउनु र एउटै अविधिमा अतिरिक्त समय काम गरेवापत र फिल्डमा काम गरेबापत खर्च लेख्ने कार्य अनावश्यक र दोहोरो भएको देखियो । पालिकाले सरकारी रकम खर्च गर्दा अनावश्यक र दोहोरो नहुने गरी गरेको पाईएन । अतः सरकारी रकम खर्च गर्दा ऐन नियमावली बमोजिम दोहोरो नहुने गरी गर्नुपर्ने र सम्बन्धितबाट उक्त दोहोरो भत्ता खर्च लेखेको रकम असुल गर्नुपर्ने देखिएको रु.	३७९,६७५

गो.भौ.नं.	कर्मचारीको नाम	काम गरेको दिन	खुद खर्च
668	श्री सन्तोष गैरे	57	14108
	श्री कृष्ण बहादुर कार्की	60	14850
	श्री क्षितिज अर्याल	60	14850
	श्री उमेश गोतामे	59	14603
	श्री समिक्षा गुरुङ	59	14603
	श्री मनोज बयम्बु	65	16088
916	ई. श्री सन्ध्या ज्ञवाली	120	29550
	स.ई. श्री रेशम प्रसाद शर्मा	120	29550
	स.ई. श्री मिथुन कुँवर	120	29550
	अ.स.ई. श्री टंकप्रसाद कुँवर	120	29550
	अमिन श्री लक्ष्मी गैरे	100	24625
	अमिन श्री प्रकाश काफ्ले	120	29550
	श्री विष्णु रायमाझी	120	22162
	श्री भुपाल आले	120	22162
	श्री दिपेश पराजुली	120	22162
	श्री सन्तोष खनाल	120	22162
	श्री सागर राना	120	29550
जम्मा			379675

३८.३			**स्वास्थ्यकर्मी प्रोत्साहन भत्ताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 41 (च) मा सरकारी रकम खर्च गर्दा कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट खर्च नगरिएको सुनिश्चित हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले दैनिक हाजिरीमा कोरोना अविधिमा काम गर्ने गरी दुईजना स्वास्थ्यकर्मी डा. चन्द्रशेखर यादव र डा. सुरभि पुनलाई 100 प्रतिशत अतिरिक्त भत्ता खर्च गरेर पुन रु.95566/- दोहोरो पर्ने गरी भत्ता खर्च लेखेको पाईयो । दोहोरो पर्ने गरी भत्ता खर्च लेखेको सम्बन्धमा	९५,५६६

पालिकाले कोरोनाको समयमा डाक्टरहरुलाई २४ घण्टा नै परिचालन गरिएको र सिफ्ट संचालन गर्न थप जनशक्ति नियुक्ति गर्दा महँगो पर्न जानुका साथै तत्काल सम्भव नभएकोले सिफ्ट संचालन नगरी परिचालन गरिएकोले सो भत्ता खर्च लेखेको जनाएको छ । तर प्रोत्साहन भत्ता दोहोरो काम गरेवापत भएको र थप काम गरेवापत भनी कागजमा हाजिरी प्रमाणित गरेर प्रोत्साहन भत्तासँगै एउटै अवधिमा जोखिम भत्ता व्यवस्थापन कार्यविधिको व्यवस्था विपरीत बुझेको उक्त रकम दोहोरो खर्च भएको देखिएकोले दोहोरो हुने गरी खर्च लेखेको सम्बन्धित बाट असुल गर्नुपर्ने रु.

३९

कर्मचारी प्रोत्साहन भत्ता खर्च

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले सुनवल नगरपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, 2076 बमोजिम यो बर्ष निम्नानुसार रु.5500720/- प्रोत्साहन भत्ता खर्च गरेको सम्बन्धमा निम्नानुसार देखियोः (क) पालिकामा कर्मचारीहरुले अतिरिक्त समय काम गरेको देखाउने विद्युतीय हाजिरी कार्यालयमा संचालन भएको पाईएन । यसले गर्दा कुन कर्मचारी कति समय कार्यालयमा रहि कार्य गर्‍यो वा गरेन सो समेत एकिन नगरी दामासाहीको हिसाबले सम्पूर्ण कर्मचारीहरुलाई प्रोत्साहन भत्ता वितरण गरेको कार्य उचित भएन । (ख) अतिरिक्त समय काम गरेको हाजिरी र फिल्डको सम्बन्धमा कार्यालय प्रमुखले प्रमाणित नगरी प्रोत्साहन भत्ता खर्च लेखेकोले काम गरेको अवधि खुल्ने गरी कार्यालय प्रमुखबाट प्रमाणित भएपश्चात मात्र प्रोत्साहन भत्ता खर्च लेख्नु पर्दछ । (ग) पालिकामा सम्पूर्ण कर्मचारीहरुले अतिरिक्त समय काम गरेको मुख्य आधार हाजिरी र कार्यालय प्रमुखको प्रमाणित काज खटाएको अवधिलाई मात्र आधार बनाई प्रोत्साहन भत्ता खर्च लेख्नुपर्दछ ।

४०

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको देखिएको छ ।

गत वर्षसम्मको बेरुजू (A)	**यो वर्ष संपरीक्षण गरिएको बेरुजू** (B)	**गत बर्षसम्मको बाँकी बेरुजू** (C=A-B)
२२३४९२000	**55125326**	**168366674**

४१

यस वर्ष फछ्र्योट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	बेरुजु फछ्र्यौट । सम्परीक्षणको आधार	सम्परीक्षण
१	2075/ 76	33	नियमानुसार पेश्की फछ्र्यौट नभएको	नगरपालिका भवन निर्माणको लागि स्वच्छन्द खानी जे.भी. लाई दिईएको मोबिलाईजेशन पेश्की नियमानुसार फछ्र्यौट भएकोले संपरीक्षण	7836647
२	2075/ 76	38	वडा समितिको वैठकमा बैठक भत्ता लिएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने	साविक प्रदेश नं.5 स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,2075 को दफा 4 मा मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सभाका सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा स्थानिय तहको कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची बमोजिमको बैठक भत्ता पाउने व्यवस्था बमोजिम सदस्यहरुको बैठक भत्ता खर्च संपरीक्षण हुने र वडाअध्यक्षहरुको हकमा ६ नं. वडाका वडाअध्यक्ष बाहेक १2 जना वडाअध्यक्षहरुले लिएको बैठक भत्ता रु.367200/ - बेरुजु दाखिला गरेको प्रमाण पेश भएकोले संपरीक्षण	2142000
३	2076/ 77	4.3	कानुन नबनाई कर्मचारी कल्याण कोषमा रकम जम्मा गरेकोले संचित कोषमा दाखिला गर्नुपर्ने	मिति 2078/ 12/ 25 मा उक्त रकम विविध खर्च खातामा आम्दानी जनाई संचित कोषमा ट्रान्सफर गरेको प्रमाण पेश भएकोले संपरीक्षण	3500000
४		12.1.1	शशर्त तर्फको बाँकी रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने	मिति 2078/ 12/ 24 मा भौ.नं.08419535 बाट संघीय संचित कोषमा फिर्ता गरेकोले संपरीक्षण	31082118
५		12.2.3	प्रदेश शशर्त तर्फ फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेको	मिति 2078/ 12/ 24 मा भौ.नं.08419536 बाट प्रदेश लेखा नियन्त्रक कार्यालयलाई फिर्ता गरेको प्रमाण पेश गरेकोले संपरीक्षण	1088429
६		12.13	नर्म्सभन्दा बढी खर्च असुल गर्नुपर्ने	ईन्द्रेणी सामाजिक विकास मन्चले बेरुजु दाखिला गरेको प्रमाण पेश ।	72804
7		13.12.1	जिन्सी दाखिला नभएको	जिन्सी दाखिला हुन छुट आईपिएस ल्यापटप जिन्सी दाखिला भएको प्रमाण पेश ।	35380
8		21	नियमानुसार पेश्की फछ्र्यौट नभएको	निम्नानुसार पार्टीहरुलाई दिईएको पेश्की फछ्र्यौट भएकोले संपरीक्षण पार्टीको नाम — रकम नर्थ साउथ ईन्जिनियरिङ सर्भिस प्रा.लि. — 4368453 समिर कन्स्ट्रक्सन — 2242251 अभियन्ता कन्स्ट्रक्सन प्रा.लि. — 740175 थापा कन्स्ट्रक्सन — 500000 थापा/ ओमबुद्ध ईन्जिनियरिङ प्रा.लि. — 999700 बुद्धभुमी कन्स्ट्रक्सन — 394169 जम्मा — 9244748	9244748
10	2076/ 77	12.3.4	सामाजिक सुरक्षा रकम बढी भुक्तानी	लाभग्राहीहरुको व्यक्तिगत बैंक खाताबाट समायोजन/ फिर्ता गरेकोले संपरीक्षण	123200
जम्मा					55125326

४२

अद्यावधिक वेरुजु

यस पालिकाको २०७६।७७ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
२२३४९२000	55125326	७४८०४३११	०	२४३१७०९८५